... खोजेका छ । (अनलाइनखबर)

# लालबन्दी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

लालबन्दी सर्लाही

प्रदेश नं. २, नेपाल

# बसपार्क ठेक्का सम्वन्धि सूचना

**पटक सूचना प्रकासित मिति २०७५/११/०८**

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा लालबन्दी नगर आर्थिक ऐन, २०७५ अनुसार लालबन्दी नगरपालिका, सर्लाहीको क्षेत्राधिकार भित्रपर्ने साझा सहकारीको जग्गा भाडामा लिई लालबन्दी नगरपालिकाबाट बनाईएको वडा नं ७ स्थित बसपार्क लालबन्दी नगरपालिकाबाट स्वीकृत दर-रेटमा आ.व. २०७५/२०७६ का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट व्यक्तिको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपी, फर्म वा कम्पनिको हकमा फर्म नविकरण भएको प्रमाण-पत्र, मूल्य अभिवृद्धि कर तथा आ.व. २०७४/२०७५ को कर चुक्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपिहरु सहितको लिखित निवेदनको साथै तोकिएको दस्तुरमा दरभाउपत्र फाराम यस कार्यालयवाट खरिद गरि रितपूर्वकको गोप्य शिलबन्दी दरभाउपत्र १५(पन्ध्र) दिन भित्र पेश गर्न नगर कार्यपालिकाको मिति २०७५/११/०७ को निर्णय अनुसार सम्बन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| ठेक्का सि.नं. | ठेक्काको किसिम | क्षेत्र | न्युनतम अंक | वोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १६ | बसपार्क तथा काउण्टर व्यवस्थापन | लालबन्दी न.पा.(साझा संस्थाको जमिनमा) वडा नं ७ | ४,००,०००।०० | १०००।- |

**शर्तहरु**

१. ठेक्का अवधि आ.ब. २०७५/०७६ को शुरुदेखि २०७६ आषाढ मसान्त सम्म हुनेछ ।

२. आफुले कवोल गरेको अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशत धरौटी राष्ट्रिय बाणिज्य बैंक, लालबन्दी शाखा स्थित लालबन्दी नगरपालिकाको धरौटी खाता नम्बर १२८०३०३००७१०२ मा जम्मा गरि सो को अर्धकट्टीको सक्कलै भौचर सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

३. दरभाउपत्रदाताले आफुले कबोल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

४. सवै किसिमको ठेक्कामा हालको कानूनी व्यवस्थामा केन्द्र-प्रदेश सरकारबाट अन्य निर्णय भई आएमा सोही वमोजिम हुनेछ । आफुले कबोल गरेको ठेक्कामा लाग्ने नेपाल सरकारको कर, शुल्क दरभाउपत्रदाता स्वयंले व्यहोर्नुपर्ने छ ।

५. स्वीकृत दरभाउपत्र दाताले आफुले कवोल गरेको कुल रकम दरभाउपत्र स्विकृत भएको मितिले ७ (सात) दिन भित्र कुनै छुट नहुने गरी एकमुष्ट रकम बुझाउनुपर्नेछ । सो को आधारमा सम्झौता गरिनेछ । उक्त एकमुष्ट नगद नबुझाएमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ । सो सम्बन्धमा धरौटी रकम जोडन पाईने छैन । यदी कबोलकर्ताले अग्रिम रकम उलब्ध नगराएमा निजको धरौटी सदरस्याहा गरी थप कार्वाही अघि बढाईनेछ ।

६. लालबन्दी नगरपालिकालाई तिर्नुपर्ने बाँकी रकम तथा जिन्सी सामानहरु तिर्नुपर्ने वक्यौता देखिएमा त्यस्ता व्यक्तिहरुको नाममा ठेक्का स्वीकृती हुने छैन र निजको बक्यौता रकम धरौटीवाट असूल उपर गरि बाँकी रकम भुक्तानी गरिने छ ।

७. जुन व्यक्ति वा फर्मको नामबाट दरभाउपत्र खरिद भएको हो सोही व्यक्ति वा फर्मको नामबाट मात्र दरभाउपत्रदर्ता गर्न सकिनेछ । अन्य व्यक्ति वा फर्मको नामबाट दर्ता गराएको दरभाउपत्रलाई मान्यता दिईने छैन । साथै हुलाक सेवा, कुरियर आदीबाट पठाएको दरभाउपत्र स्वीकार्य हुने छैन । शिलबन्दी खाममा ठेक्काको लागि बोलपत्र दाखिला गरेको हो स्पष्टरुपले खुलाउनु पर्नेछ । साथै दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्टरुपले खामको वाहिर उल्लेख गरेको हुनुपर्नेछ ।

८. माथि उल्लेख भएको बमोजिम पर्न आएको बोलपत्रहरु स्वीकृती गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

९. यो सूचना प्रकाशित भएको मितिले १५औं दिन भित्र दरभाउपत्र फाराम लालबन्दी नगरपालिका कार्यालयबाट खरिद गरी १६औं दिनको १२:०० वजे भित्र उल्लेखित निकायहरुमा दर्ता गराउनु पर्नेछ र सोही दिनको २:०० वजे वोलपत्र खोल्ने कार्य हुनेछ । वोलपत्र फाराम दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा लगतै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । एक पटक दर्ता भैसकेको दरभाउपत्र फिर्ता हुने छैन ।

१०. बोलपत्र ठेक्का सम्बन्धि अन्य कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र लालबन्दी नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गरी वा फोन नं ९८५४०३९११० मा बुझ्न सकिनेछ ।